# कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी (एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण एवम् शिक्षण सिकाई सुधार र शिक्षकको पेशागत सहयोग) कार्यविधि, २०८०

प्रस्तावना:

कर्णाली प्रदेशका सार्वजनिक विद्यालयहरूको शिक्षण सिकाइ क्रियाकलापमा सुधार, शैक्षिक सामग्री सहितको बालमैत्री कक्षाकोठा व्यवस्थापन, शिक्षणमा नवीनतम प्रविधिको प्रयोग, शिक्षकको पेशागत विकासमा सहयोग गरी बालबालिकाको सिकाइ उपलब्धिमा सुधारको लागि सार्वजनिक शिक्षामा स्थानीय तहलाई बढी जिम्मेवार र जवाफदेही बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सहयोग गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा (३) र कर्णाली प्रदेश सुशासन नियमावली २०७९ को नियम (८) को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश सार्वजनिक शिक्षा सुधार सम्बन्धी (एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण एवम् शिक्षण सिकाई सुधार र शिक्षकको पेशागत सहयोग) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "आधारभूत तह" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म सम्झनु पर्छ ।

(ख) "इकाई" भन्नाले शिक्षा विकास तथा समन्वय इकाईलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सामाजिक विकास कार्यालयलाई सम्झनु पर्छ।

(घ) "केन्द्र" भन्नाले मानव संशाधन विकास केन्द्रलाई सम्झनु पर्छ।

(ङ) "निर्देशक" भन्नाले शिक्षा विकास निर्देशनालयको निर्देशकलाई सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेशलाई सम्झनु पर्छ।

(छ) "भौतिक पूर्वाधार" भन्नाले विद्यालयको भवन तथा कक्षाकोठा निर्माण वा मर्मत, शौचालय, खानेपानी निर्माण वा मर्मत, फर्निचर निर्माण वा मर्मत, कम्प्युटर,



प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल

मन्त्री

ल्यापटप, प्रोजेक्टर, विज्ञान प्रयोगशाला लगायतका उपकरण तथा सफ्टवेयर खरिद, कक्षाकोठा व्यवस्थापन, इन्टरनेट, पठनपाठनका लागि आवश्यक पर्ने अन्य शैक्षिक सामग्री लगायतलाई सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशलाई सम्झनुपर्छ।

(झ) "मन्त्री" भन्नाले सामाजिक विकास मन्त्रालयको मन्त्री सम्झनु पर्छ।

(ञ) "माध्यमिक तह" भन्नाले कक्षा नौंदेखि कक्षा बाहसम्म सम्झनुपर्छ।

(ट) "शैक्षणिक स्रोत विज्ञ" भन्नाले दफा ४ को उपदफा १ बमोजिम नियुक्त विद्यालय र शिक्षकलाई शैक्षिक तथा प्राविधिक सहयोग गर्ने व्यक्ति सम्झनुपर्छ।

(ठ) "सचिव " भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका/नगरपालिका/जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद-२
## सहयोगका क्षेत्रहरू

३. स्थानीय तहको प्रस्ताव तथा अनुरोधमा विद्यालयलाई गरीने सहयोगका क्षेत्रहरू: (१) सार्वजनिक शिक्षा सुधारका लागि प्रदेश सरकारले स्थानीय तह मार्फत विद्यालयलाई देहायका क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ:-

(क) शिक्षकको पेशागत विकासका लागि शैक्षणिक स्रोत विज्ञको नियुक्ति र परिचालनका लागि सहयोग,

(ख) बालमैत्री कक्षाकोठा व्यवस्थापन,

(ग) प्रविधिमैत्री शिक्षण सिकाइका लागि अनलाईन वा अफलाईन वा दुबै माध्यमको प्रयोग गरी अगुवा विद्यालयमा स्रोत कक्ष (Resource Hub) को स्थापना,

(घ) कक्षागत तथा विषयगत शिक्षण सिकाइ सामग्रीको व्यवस्थापन,

(ङ) जोखिममा रहेका बालबालिकाको पहिचान, अतिरिक्त छात्रवृत्ति र आवश्यक सहयोग,

(च) पठनपाठनमा सुधारका लागि अन्य आवश्यक देखिएका विषयक्षेत्रहरू ।

प्रदेश सचिव मा. खड्ग बहादुर पोखरेल मन्त्री

(२) उपदफा (१) अनुसार उपलब्ध गराइने रकमको निर्धारण पेश गरेको प्रस्तावको आधारमा निर्देशक समितिको निर्णय अनुसार हुनेछ ।

(३) उपदफा (२) बमोजिमको रकम स्थानीय तह मार्फत सम्बन्धित विद्यालयहरूलाई उपलब्ध गराइनेछ ।

४. <u>शैक्षणिक स्रोत विज्ञको नियुक्ति र परिचालन:</u> (१) आवश्यकता अनुसार शिक्षकलाई तालिम, कोचिङ, मेन्टोरिङ्ग र पेशागत विकासमा सहयोग गर्ने उद्देश्यको लागि स्थानीय तहले शैक्षणिक स्रोत विज्ञ नियुक्तिका लागि देहाय अनुसारका सर्त र प्रक्रिया पूरा गरेको हुनुपर्नेछ:

(क) खुला प्रतिस्पर्धाका आधारमा "विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८०" अवलम्बन गर्ने,

(ख) एक स्थानीय तहले कम्तिमा एक स्रोतविज्ञ र विद्यालय संख्या बढी भएमा थप स्रोतविज्ञको व्यवस्था गर्ने,

(ग) स्रोत विज्ञका लागि उपलब्ध गराइने पारिश्रमिक र सुविधाको व्यवस्था र सुनिश्चितता गर्ने,

(२) स्थानीय तहले अनुसूची-१ बमोजिमको ढाँचामा शैक्षणिक स्रोत विज्ञसँग करार सम्झौता गरी कामकाजमा लगाउनुपर्ने छ ।

५. <u>शैक्षणिक स्रोत विज्ञको काम, कर्तव्य र अधिकार एवम् योग्यता:</u> (१) स्रोत विज्ञ शिक्षकलाई शिक्षण सिकाई क्रियाकलापमा कक्षाकोठा भित्रको पठनपाठनमा सहयोग गर्नु शैक्षणिक स्रोत विज्ञको मूलभूत काम हुनेछ । स्रोत विज्ञ काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको "विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०" को दफा ७ मा उल्लेखित काम, कर्तव्य र अधिकार,

(ख) दफा ५ को उपदफा (१) खण्ड (क) मा उल्लिखित काम, कर्तव्यको अतिरिक्त देहायमा उल्लेखित कामहरू:

अ) प्रति महिना कम्तिमा २० वटा शिक्षकले पठनपाठन गरेका शिक्षण सिकाई क्रियाकलापको सुपरिवेक्षण र सहजीकरण गरेको हुनुपर्नेछ ।

आ) शैक्षणिक स्रोतविज्ञको अन्य कार्यविवरण अनुसूची-२ बमोजिम हुनेछ।

(२) शैक्षणिक स्रोतविज्ञको योग्यता देहाय अनुसारको हुनेछ:

प्रदेश सचिव मा. ... पोखरेल मन्त्री

(क) "विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका,२०८०" मा उल्लेख भएको योग्यता,

(ख) शिक्षाशाखमा स्नातकोत्तर र सो भन्दा माथिको योग्यतालाई विशेष प्राथमिकता दिनुपर्ने,

(ग) सूचना तथा संचार प्रविधि (ICT) को प्रयोगमा दख्खल भएको सीप परिक्षण गर्नुपर्ने ।

(३) शैक्षणिक स्रोतविज्ञलाई स्थानीय तहले देहाय अनुसारको सेवा सुविधाको व्यवस्थापन गर्नुपर्नेछ।

(क) न्युनतम माध्यमिक तह द्वितीय श्रेणीको शिक्षकले पाउने मासिक पारिश्रमिक बराबरको सेवा करारका आधारमा पारिश्रमिक व्यवस्था,

(ख) कम्तीमा एक सेट प्रारम्भिक बाल विकास तथा शिक्षा देखि कक्षा बाह्र सम्मको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सहित अन्य अत्यावश्यक सन्दर्भ सामग्री,

(ग) आवश्यकता र करार संझौतामा उल्लेख भए अनुसार यातायात खर्च, ल्यापटप लगायतका अन्य अत्यावश्यक सामग्रीहरू।

(घ) आवश्यकता अनुसार स्थानीय तहले नियमानुसार तोकिएको सेवा, सुविधा तोकिए बमोजिम हुनेछ ।

६. कक्षाकोठा व्यवस्थापनः (१) यो कार्यविधि अनुसार पठनपाठन गर्न चाहने विद्यालयहरूले देहाय अनुसारको कक्षाकोठा व्यवस्थापन गरेको हुनु-पर्नेछ :

(क) बालमैत्री कक्षाकोठा बनाउनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै पि-फोम, कार्पेट, राउण्ड टेबल, जुत्ता राख्ने र्याक र फर्निचर आदि,

(ख) अनुसूची-३ मा उल्लेख भए अनुसारका कक्षाकोठा व्यवस्थापनका लागि पूरा गर्नुपर्ने गुणस्तरीय मानकहरू,

(ग) अनलाईन वा अफलाइन वा दुबै हुनेगरी अगुवा विद्यालयमा स्रोत कक्ष (Resource Hub) को स्थापना र प्रयोग,

(घ) अगुवा विद्यालय र अन्तर्गतका विद्यालयमा आवश्यक पर्ने अनुसूची-४ मा उल्लेख गरीए बमोजिमका कक्षागत तथा विषयगत न्यूनतम आवश्यक सिकाइ सामग्रीहरू ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

(२) स्रोत कक्ष (Resource Hub) स्थापनाका लागि प्रदेश सरकारबाट निम्न विषय क्षेत्रमा सहयोग गर्न सकिनेछः

(क) कम्प्युटर खरिद,

(ख) पुस्तकालयका लागि सन्दर्भ सामग्री खरिद,

(ग) प्रोजेक्टर, स्मार्टबोर्ड र इन्टरयाक्टिभ बोर्ड लगायतका आवश्यक सामग्रीहरू खरिद,

(घ) प्रदेशस्तरको आईसीटी हब अगुवा विद्यालय र अन्तर्गतका विद्यालयहरूलाई जोड्ने डिजिटल सामग्री खरिद,

(ङ) सफ्टवेयर खरिद निर्माण र प्रयोग,

(च) विद्युतीय पुस्तकालय स्थापना सञ्चालन र प्रयोग,

(छ) विज्ञान पुस्तकालयमा विभिन्न विषयगत आवश्यक सामग्री खरिद र प्रयोग

(ज) अत्यावश्यक फर्निचर खरिद।

(३) उपदफा २ मा उल्लेख गरीएका बाहेकका कार्य जस्तै शिक्षक तालिम, इन्टरनेट व्यवस्थापन, वैकल्पिक उर्जा आदि कार्यहरू विकास साझेदार, स्थानीय तह, संघ सरकार र प्रदेशको लागत साझेदारीमा गर्न सकिनेछ।

(४) स्थानीय तहले अगुवा विद्यालय छनोटका लागि सिफारिस गर्नुपूर्व विद्यालयको सम्भाव्यता अध्ययन र आवश्यक सामग्रीहरूको नक्शाङ्कन समेत गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) स्थानीय तहबाट अगुवा विद्यालयका लागि छनोट हुने विद्यालयले अनुसूची-५ बमोजिमका शिक्षण सिकाइसँग सम्बन्धित क्रियाकलापहरू विद्यालयमा सञ्चालन गर्ने, विद्यालय व्यवस्थापन समिति समेतको लिखित प्रतिबद्धता जाहेर गरेको हुनुपर्दछ ।

७. <u>जोखिममा रहेका बालबालिकाको पहिचान, अतिरिक्त छात्रवृत्ति र आवश्यक सहयोग:</u> (१) विद्यालय र सम्बन्धित वडा कार्यालयको सहयोगमा स्रोत विज्ञ समेतको सहयोगमा स्थानीय तहले जोखिममा रहेका बालबालिका पहिचान गरीनेछ। पहिचान गरीएका विद्यालय उमेर समूहका बालबालिकालाई जोखिमको अवस्थाको आधारमा प्राथमिकीकरण गरी अतिरिक्त छात्रवृत्ति वा अन्य आवश्यक सहयोग गरीनेछ।

(२) जोखिममा रहेका बालबालिकाको पहिचान अनुसूची-६ बमोजिम हुनेछ।

प्रदेश सचिव मा. खड्ग बहादुर पोखरेल मन्त्री

## परिच्छेद-३

### क्षमता विकास

८. <u>शैक्षणिक स्रोतविज्ञको क्षमता विकास:</u> (१) करार सम्झौता भई कामकाजमा नियुक्त गरीएका शैक्षणिक स्रोतविज्ञको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछ।

(२) क्षमता विकास कार्यक्रममा शिक्षकको पेशागत विकासको परिचय र महत्व, पेशागत विकास योजना, पेशागत विकासका लागि सहयोगका क्षेत्रहरू, कोचिङ्ग-मेन्टोरिङ, कक्षाकोठा व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि, शिक्षण सिकाई क्रियाकलाप, शिक्षाका नवीनतम विधि र प्रविधिहरू, पाठ्यक्रम, शैक्षिक सामग्री, विपत व्यवस्थापन लगायतका विषयवस्तु समावेश हुनेछ ।

(३) क्षमता विकास सम्बन्धी कार्यक्रम स्रोतविज्ञहरुको व्यक्तिगत क्षमता, आवश्यकता र मागको आधारमा साथै कार्यक्रमको उद्देश्यको आधारमा सञ्चालन गरिनेछ ।

(४) क्षमता विकास कार्यक्रम अन्तरगत असल अभ्यासहरूको सिकाइका लागि अन्तर विद्यालय/अन्तर पालिका, अन्तर प्रदेश, अन्तर देशीय अध्ययन भ्रमण गराउन सकिनेछ।

(५) क्षमता विकास कार्यक्रम आवश्यकता अनुसार विकास साझेदार संस्थाहरूसँगको सहकार्यमा संचालन गर्न सकिनेछ।

(६) क्षमता विकास सम्बन्धी कार्यक्रमको समन्वय, सञ्चालन र व्यवस्थापन शिक्षा विकास निर्देशनालयले गर्नेछ ।

९. <u>सरोकारवालाको क्षमता विकास:</u> छनोट भएका स्थानीय तहका सामाजिक विकास समितिको संयोजक, शिक्षा शाखा प्रमुख, शिक्षा शाखामा कार्यरत कर्मचारी, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको लागि साझेदार समेतको सहयोगमा क्षमता विकास कार्यक्रम सञ्चालन गरीनेछ।

## परिच्छेद - ४

### प्रस्ताव र प्रतिवेदन पेश गर्नुपर्ने

१०. <u>प्रस्ताव पेश गर्नुपर्ने:</u> (१) कार्यक्रम संचालन गर्न चाहने विद्यालय र स्थानीय तहका लागि निर्देशनालयले कम्तिमा १५ दिनको म्याद राखी स्थानीय तहलाई अनुसूची-७ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नेछ।

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

(२) प्रस्ताव पेश गर्दा अगुवा विद्यालय अन्तरगतका विद्यालयहरूको शैक्षिक सुधारको योजनालाई समेत समेट्नुपर्नेछ।

(३) विद्यालय छनोट गर्न विद्यालयले पेश गरेको प्रस्तावको मूल्याङ्कनका आधारमा विद्यालय छनोट गरिनेछ ।

११. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> शैक्षणिक स्रोत विज्ञले मासिक रुपमा र छनोट भएका विद्यालयहरूले त्रैमासिक रुपमा भएका उपलब्धि, सिकाइ र आइपरेका समस्या तथा समाधानका उपाय सहित अनुसूची-८ बमोजिमको ढाँचामा प्रतिवेदन सम्बन्धित स्थानीय तह, कार्यालय, निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-५
## <u>स्थानीय तह र विद्यालय छनोट</u>

१२. <u>छनोट समिति:</u> (१) स्थानीय तहले पेश गरेका प्रस्ताव अध्ययन र मूल्याङ्कन गरी छनोट गर्न देहाय अनुसारको समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय, | संयोजक |
| (ख) | महाशाखा प्रमुख, शैक्षिक विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | निर्देशक, मानव संसाधन विकास केन्द्र सुर्खेत | सदस्य |
| (घ) | ईकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय ईकाइ सुर्खेत | सदस्य |
| (ङ) | आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (च) | निर्देशक, | सदस्य सचिव |

(२) कर्णाली प्रदेश योजना आयोगका शिक्षा सम्बन्धी विषय हेर्ने सदस्यलाई आमन्त्रण गर्न सकिनेछ। समितिले कार्य सम्पादनका लागि आवश्यकता अनुसार निर्देशकको संयोजकत्वमा उपसमिति गठन गर्न सकिनेछ ।

(३) समिति तथा उप समितिको बैठकमा आवश्यकता अनुसार शिक्षा सम्बन्धी विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समिति र उपसमितिका सदस्यहरूको बैठक व्यवस्थापन तथा अन्य खर्च प्रचलित ऐन नियमानुसार हुनेछ।

प्रदेश सचिव
मा. खड्ग बहादुर पोखरेल मन्त्री

(५) छनोट समितिले अनुसूची-६ बमोजिम निर्धारण गरीएका मापदण्डको विश्लेषणको आधारमा छनोट गर्नेछ तर संघीय सरकारबाट नमूना विद्यालयको रुपमा छनोटमा परेका विद्यालयहरूलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

## परिच्छेद-६
## निर्देशक समिति , प्राविधिक तथा समन्वय समिति, कार्यान्वयन अनुगमन समिति गठन तथा काम, कर्तव्य र अधिकार

१३. <u>निर्देशन, अनुगमन तथा सुपरिवेक्षण:</u> (१) कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको निर्देशक समितिको गठन गरिनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, | अध्यक्ष |
| (ख) | सदस्य, कर्णाली प्रदेश योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ङ) | सचिव | सदस्य |
| (च) | निर्देशक | सदस्य |
| (छ) | निर्देशक, मानव संसाधन विकास केन्द्र | सदस्य |
| (ज) | महाशाखा प्रमुख, शैक्षिक विकास महाशाखा | सदस्य सचिव |

(२) आवश्यकतानुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कर्णाली प्रदेश शैक्षिक सुधार कार्यक्रमको अनुगमन गर्ने।

(ख) प्राविधिक तथा समन्वय समितिले पेश गरेका कार्यक्रम तथा योजना स्वीकृत गर्ने।

(ग) आवश्यकतानुसार कार्यक्रम संशोधन वा परिमार्जन गर्ने।

(घ) प्राविधिक तथा समन्वय समिति र कार्यान्वय तथा अनुगमन समितिलाई निर्देशन दिने।

(४) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

प्रदेश सचिव मा. खड्ग बहादुर पोखरेल मन्त्री

१४. <u>प्राविधिक तथा समन्वय समिति:</u> (१) कार्यक्रमको प्राविधिक तथा समन्वयका लागि देहाय बमोजिमको प्राविधिक तथा समन्वय समितिको गठन गरिनेछ:

| | | |
|---|---|---|
| (क) | निर्देशक | संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, मानव संसाधन विकास केन्द्र | सदस्य |
| (घ) | संयोजकले तोकेको सामाजिक विकास अधिकृत, | सदस्य |
| (ङ) | इकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय ईकाइ, सुर्खेत | सदस्य |
| (च) | शिक्षा शाखा प्रमुख, कार्यक्रम संचालन भएको स्थानीय तह | सदस्य |
| (छ) | अधिकृत कर्मचारी, शिक्षा विकास निर्देशनालय | सदस्य सचिव |

(२) प्राविधिक तथा समन्वय समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ।

(३) प्राविधिक तथा समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) निर्देशक समितिले दिएको निर्देशन पालना गर्ने

(ख) वार्षिक कार्यक्रम तथा योजना बनाई निर्देशक समिति समक्ष पेश गर्ने।

(ग) निर्देशक समितिबाट स्वीकृत योजना तथा कार्यक्रमलाई कार्यान्वयन र अनुगमन गर्ने।

(घ) प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।

(ङ) त्रैमासिक रुपमा प्रगति विवरण तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने।

(च) कार्यान्वयन तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने।

१५. <u>कार्यान्वयन तथा अनुगमन समिति:</u> (१) कार्यक्रम कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति गठन गर्न सकिनेछ ।

| | | |
|---|---|---|
| (क) | सम्बन्धित सामाजिक विकास अधिकृत, | -संयोजक |
| (ख) | शिक्षा शाखा प्रमुख, कार्यक्रम संचालन भएको स्थानीय तह | -सदस्य |
| (ग) | संयोजकले तोकेको कार्यालयको कर्मचारी | -सदस्य सचिव |

सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख आमन्त्रित सदस्य रहनेछ।

(२) कार्यान्वयन तथा अनुगमन समितिको बैठकमा शैक्षणिक स्रोत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ र आवश्यकतानुसार कार्यक्रम सञ्चालन भएका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत लगायतलाई सहभागी गराउन सकिनेछ।

(३) कार्यान्वयन तथा अनुगमन समितिको बैठक महिनामा एक पटक अनिवार्यरुपमा बस्नुपर्ने छ।

(४) कार्यान्वयन तथा अनुगमन समितिको काम कार्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्देशक समिति र प्राविधिक तथा समन्वय समितिले दिएको निर्देशन पालना गर्ने।

(ख) स्वीकृत योजना तथा कार्यक्रमहरूको कार्यान्वय र अनुगमन गर्ने।

(ग) अनुगमनको क्रममा देखिएका समस्याको समाधान गर्न आवश्यक राय सुझाव दिने।

(घ) अनुगमनको क्रममा स्थानीय तह, शैक्षणिक स्रोत विज्ञ, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, समुदायसँग छलफल तथा अन्तर्क्रिया गर्ने।

(ङ) स्थानीय तह स्रोत विज्ञ शिक्षक लगायतलाई प्राविधिक सहयोग गर्ने।

(च) मासिक प्रतिवेदन प्राविधिक तथा समन्वय समितिमा अनिबार्यरुपमा पेश गर्ने।

(छ) कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका शिक्षण सिकाइ सुधारका विषयवस्तुहरू सम्बोधन गर्ने,

(ज) आवश्यकतानुसार अन्य कामहरू गर्ने।

(झ) दफा १५ को उपदफा (१) बमोजिम गठित समितिले अनुसूची-९ अनुसारको अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

(५) निर्देशक समिति प्राविधिक तथा समन्वय समिति र कार्यान्वयन तथा अनुगमन समितिको बैठक व्यवस्थापन सम्बन्धी खर्च नियमानुसार हुनेछ।

## परिच्छेद ७

## विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी

१६. <u>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मान स्रोत विकास केन्द्र</u> : (१) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र राष्ट्रिय मापदण्ड अनुकूल सार्वजनिक



प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

शिक्षा सुधार कार्यक्रमलाई थप व्यवस्थित गर्न निर्देशन र सहजीकरण गर्न सक्नेछ । यसका अतिरिक्त थप भूमिका देहाय अनुसार हुनेछः

(क) स्थानीय तहमा एक जना स्रोत विज्ञको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने,

(ख) राष्ट्रिय मापदण्ड, र अन्तराष्ट्रिय मूल्य र मान्यता तथा नयाँ नयाँ सिकाई विधि र प्रक्रिया अवलम्बन गर्न सहजीकरण गर्ने,

(ग) विकास साझेदारहरूलाई यस कार्यमा सहयोग गर्न आवश्यक सहजीकरण गर्ने,

(घ) स्थलगत अनुगमन तथा सहजीकरण गरी सुधारका लागि सुझाव र निर्देशन दिने,

(२) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि संशोधन गर्न अन्य आवश्यक निर्देशन दिन र सहजीकरण गर्न सक्नेछ ।

१७. मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको भूमिका : (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस कार्यक्रमलाई प्रभावकारी बनाउन देहायको भूमिका हुनेछः

(क) कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गर्ने,

(ख) यस कार्यविधि अनुसारका उद्देश्य पूर्तिका लागि आवश्यक अनुगमन गरी आवश्यक निर्देशन दिने,

(२) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश योजना आयोग वा अन्य कुनै तेस्रो पक्षलाई कार्यक्रमको थप सवलीकरणका लागि अध्ययन गराई प्रतिवेदन लिई सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिन सक्नेछ ।

१८. प्रदेश योजना आयोग : (१) प्रदेश योजना आयोगले यस कार्यक्रमलाई प्रभावकारी बनाउन देहायको भूमिका हुनेछः

(क) कर्णाली प्रदेशको विशेष कार्यक्रम तथा योजनाको रुपमा सूचीकृत गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) कार्यक्रमको प्राविधिक र प्राज्ञिक मूल्यांकन गरी सामाजिक विकास मन्त्रालयलाई आवश्यक निर्देशन र सुझाव दिने,

(ग) शिक्षण सिकाइमा शिक्षको सवलीकरण सम्बन्धी आवश्य अनुसन्धान गर्ने गराउने,

(घ) आवश्यक स्रोत व्यवस्थापनको पहल गर्ने ।

प्रदेश सचिव मा. ... मन्त्री

(२) प्रदेश योजना आयोगले कार्यक्रमको थप प्रभावकारिताका लागि सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी समीक्षा गोष्ठी तथा सरोकारवालहरूको भेला गराई आवश्यक सुझाव दिन सक्ने छ।

१९. <u>सामाजिक विकास मन्त्रालय</u> : (१) यस कार्यविधि अनुसार सार्वजनिक शिक्षामा सुधार गर्न नीतिगत विषयमा नेतृत्व गर्ने प्रमुख भूमिका लगायत देहायका जिम्मेवारी सामाजिक विकास मन्त्रालयको हुनेछः

(क) विद्यालयमा गरीएको अभ्यासका आधारमा कार्यविधिलाई समसामयिक बनाउने र अध्यावधिक गर्ने,

(ख) मानव संसाधन विकास केन्द्रलाई शिक्षक र स्रोत विज्ञको क्षमता विकास कार्यक्रम संचालन गर्न सहजिकरण गर्ने र आवश्यक निर्देशन दिने,

(ग) सामाजिक विकास कार्यालय र निर्देशनालयलाई सहजीकरण गर्ने र आवश्यक निर्देशन दिने,

(घ) कार्यक्रमको निरन्तरताका लागि आवश्यक निर्देशन दिने,

(ङ) शैक्षणिक स्रोतविज्ञलाई सहजीकरण गर्नको लागि आवश्यकता अनुसार कम्तीमा २० वर्षको शिक्षा क्षेत्रको अनुभव भएको र शिक्षा सेवा/शिक्षक सेवाको द्वितीय श्रेणीको अनुभव भएको वा शिक्षा विषयमा एम.फिल/विद्यावारिधि गरेको विशिष्ट विज्ञको मापदण्ड बनाई करारमा नियुक्ति गरी कार्यशर्तका आधारमा काममा खटाउने,

(च) स्थानीय तहहरुको मागको आधारमा स्थानीय तहले व्यवस्थापन गरेका स्रोतविज्ञहरुलाई क्षमता विकासको लागि समन्वय, सहयोग र सहजीकरण गर्न कार्यक्रम सञ्चालन गर्न सकिने,

(छ) संघीय सरकारसँग समन्वय र अनुरोध गरी विकास साझेदारहरूबाट प्राविधिक र आर्थिक सहयोग लिने ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदार संस्थाहरूसँग आवश्यक समन्वय गर्ने ।

(३) कर्णाली प्रदेश सामाजिक मन्त्रालय प्रदेश सरकारसँग आवश्यक समन्वय र निर्देशन प्राप्त गरी शिक्षा क्षेत्रमा काम गर्ने सबै गैरसरकारी संस्था विकास साझेदारहरूलाई यस कार्यविधिको उद्देश्यसँग सम्बन्धित हुने गरी मात्र शैक्षिक कार्यक्रमहरू प्रदेश अन्तर्गत संचाल गर्न/गराउन आवश्यक कार्य गर्न सक्नेछ ।

प्रदेश सचिव
मा. खड्ग बहादुर पोखरेल
मन्त्री

२०. <u>शिक्षा विकास निर्देशनालयः</u> (१) सुर्खेत जिल्लामा यस कार्यविधि कार्यान्वयन गर्न र कर्णाली प्रदेशका अन्य जिल्लाहरूसँग समन्वय गर्न निर्देशनालयले देहाय बमोजिमका कार्य गर्नेछः

(क) सबै जिल्लाका सामाजिक विकास कार्यालय र स्थानीय तहहरूको समेत सहभागिता हुने गरी कार्यक्रम सम्बन्धमा समीक्षा कार्यक्रम आयोजना गर्ने,

(ख) सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्ने,

(ग) शिक्षामानव संशाधन विकास केन्द्रलाई तालिम सामाग्रीहरू निकासका लागि आवश्यक सहयोग गर्ने,

(घ) स्रोत विज्ञको कामको निरन्तर अनुगमन गर्ने ।

(२) शिक्षा विकास निर्देशनालयले आर्थिक वर्ष समाप्त भएको ३० दिन भित्र कार्यान्वयनको अवस्था देखिने बार्षिक प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा र आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा छलफल गर्न आवश्यक व्यवस्था मिलाउने छ ।

२१. <u>सामाजिक विकास कार्यालयः</u> (१) यस निर्देशिका अनुसारका उद्देश्य पूरा गर्न कार्यन्वयनको प्रमुख जिम्मेवारी समाजिक विकास कार्यालयको हुनेछ । यसका देहाय अनुसारका भूमिका र जिम्मेवारी हुनेछन्:-

(क) स्थानीय तहहरूसँग समन्वय गर्ने,

(ख) सामाजिक विकास मन्त्रालय र निर्देशनालय तथा मानव संशाधन विकास केन्द्रको निर्देशन कार्यान्वयन गर्ने,

(ग) प्रत्येक आर्थिक वर्षमा साविकको आर्थिक वर्षमा भन्दा नघट्नेगरी प्रमाणिकता दिएको सिलिङका आधारमा बजेट प्रस्ताव गर्ने,

(घ) आवश्यकता अनुसार उपयुक्त परीक्षाको व्यवस्थापन गरी स्रोत विज्ञको लागि सहजिकरण गर्ने, विज्ञको व्यवस्थापन गर्ने,

(ङ) संघीय सरकारसँग समन्वय र अनुरोध का साथै विकास साझेदारहरूबाट प्राविधिक र आर्थिक सहयोग लिने,

(च) स्रोत विज्ञको कार्यको अनुगमन गरी सहजीकाण गर्ने,

(छ) स्रोत विज्ञ, स्थानीय तहका शिक्षा हेर्ने कर्मचारी, प्राधानाध्यापक, शिक्षक अभिभावक र शिक्षकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

प्रदेश सचिव मा. खड्ग बहादुर पोखरेल मन्त्री

(ञ) समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्राज्ञिक र प्राविधिक विज्ञको रुपमा भूमिका निर्वाह गर्ने ।

(२) सामाजिक विकास कार्यालयले प्रति महिना कम्तिमा दुई वटा विद्यालय अवलोकन गरी पठनपाठन प्रक्रियाको समेत सुक्ष्म रुपमा अध्ययन गरी अभिलेखिकरण गर्नु पर्नेछ र प्रत्येक तीन महिनामा सो अनुगमनको प्रतिवेदन निर्देशनालय र मानव संशाधन विकास केन्द्रमा पठाउनु पर्नेछ ।

२२. <u>विकास साझेदार र गैरसरकारी संस्था:</u> कर्णाली प्रदेशको शिक्षा क्षेत्रमा काम गर्ने सबै विकास साझेदार तथा गैरसरकारी संस्थाहरूले यो कार्यविधिसँग मेल खाने क्रियाकलापहरू तय गरी एउटै स्थानीय तहमा नदोहोरिने गरी कार्यर्म सञ्चालन गर्नुपर्नेछ र सोको जानकारी सामाजिक विकास मन्त्रालयमा पेस गर्नुपर्नेछ । त्यसरी पेस गरीएका कार्यक्रमको एक रूपता कार्यान्वयमा दोहोरोपन हटाउन सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

२३. <u>स्थानीय तहको भूमिका :</u> (१) यस कार्यविधिको उद्देश्य पूरा गर्न यस कार्यविधिमा अन्य ठाउँहरूमा उल्लेख गरीएका विषयवस्तुका अतिरिक्त स्थानीय तहले देहाय भूमिका अनुसारको गर्नेछः

(क) शिक्षा विकास निर्देशनालयले जारी गरेको सूचनाका आधारमा प्रस्ताव पेश गर्ने,

(ख) स्रोत विज्ञको व्यवस्थापन गर्ने,

(ग) आवश्यक आर्थिक तथा अन्य स्रोतको व्यवस्था गर्ने,

(घ) विद्यालयमा न्यूनतम पूर्वाधार पूरा गर्ने गराउने

(ङ) मानव संशाधन विकास केन्द्र निर्देशनालय र मन्त्रालयलाई आवश्यक निर्देशन दिने,

(च) कार्यक्रमको पूर्ण निगरानीका साथ कार्यक्रम सञ्चालन गर्ने,

(छ) आवश्यक स्रोतको व्यवस्थापन गरी शिक्षक र स्रोत विज्ञको क्षमता विकास गर्ने,

(ज) स्थानीय तहले अगुवा विद्यालय पछि सो अन्तरगतको विद्यालयहरूको शिक्षकहरू सरुवा गरी पठनपाठन व्यवस्था गर्ने अधिकार दिन सक्नेछ,

(झ) अगुवा विद्यालय अन्तरगतको विद्यालयहरूको पठनपाठनको सुपरिवेक्षण, सहजीकरण र विद्यार्थी मुल्यांकन तथा परीक्षा संचालनको जिम्मेवारी अगुवा विद्यालयलाई दिन सकिनेछ,

(ञ) निर्देशनालयको सूचना अनुसार प्रस्तावना पेश गर्दा विद्यालय गाभ्ने (मर्ज/समायोजन) पठनपाठनमा सुधार गर्ने गरी प्रस्ताव पेश गर्न समेत यो कार्यविधि बाधा हुनेछैन ।

प्रदेश सचिव

मा. बद्री बहादुर पोखरेल
मन्त्री

२४. <u>अन्य सरोकारवाला:</u> यस कार्यविधि अनुसार सार्वजनिक शिक्षा सुधारमा सहयोग गर्नु विद्यालय व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधि, अभिभावक लगायत सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

परिच्छेद-८

<u>विविध</u>

२५. <u>बाधा अड्काउ फुकाउ:</u> यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्थाले उद्देश्य अनुसारका कार्य गर्न बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई रहनेछ ।

२६. <u>संशोधन वा परिमार्जन:</u> यस कार्यविधिको संशोधन वा परिमार्जनको अधिकार मन्त्रालयलाई हुनेछ ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

## अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### शैक्षणिक स्रोतविज्ञ करार सम्झौता

----------------------------- नगर/गाउँ पालिका (प्रथम पक्ष) र स्रोतविज्ञ ............जिल्ला.............. नगर/गाउँ पालिका...... नं. वडा मा बस्ने श्री.................................. (दोस्रो पक्ष) बिच मिति २०८०/ / मा---------------------------- नगर/गाउँ पालिकाको विद्यालयको एक जिल्ला एक नमूना विद्यालय भौतिक पूर्वाधार निर्माण एवं शिक्षण सिकाई सुधार र शिक्षकको पेशागत सहयोग गरी शैक्षिक गुणस्तर सुधार गर्ने कार्यक्रमको कार्यान्वयनको लागि देहाय अनुसारको करार सम्झौतामा उल्लिखित शर्तहरूको पालना गर्ने गरी गरीएको सम्झौता पत्र

प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरू:-

(क) विद्यालय सुपरिवेक्षण तथा पेशागत सहायता निर्देशिका २०८० अनुसारको मापदण्ड पूरा गरी शैक्षणिक स्रोत विज्ञ छनोट गर्ने,

(ख) छनोट भएको शैक्षणिक स्रोत विज्ञसँग करार सम्झौता गरी निजको कार्यविवरण अनुसार कामकाजमा लगाउने,

(ग) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आवश्यक जानकारी र अन्तरक्रिया गराउने

(घ) शैक्षणिक स्रोत विज्ञ, सम्बन्धित स्थानीय तहका शिक्षा प्रमुख तथा शाखामा कार्यरत अन्य कर्मचारीलाई तालिम,

(ङ) कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन र नविनतम् प्रविधि तथा उपकरणको लागि आवश्यक रकम रु.......................उपलब्ध गराउने,

(च) विद्यालयका आधारभूत आवश्यकता परिपूर्तिको लागि आवश्यक रकम रु....................... उपलब्ध गराउने,

(छ) शैक्षणिक स्रोत विज्ञको न्यूनतम माध्यमिक तह द्वितीय श्रेणी बराबरको तलब भत्ता उपलब्ध गराउने,

(ज) यातायात खर्च र फिल्ड भत्ता बापत रु....................... उपलब्ध गराउने,

(झ) ल्यापटप, पाठ्यक्रम, शिक्षक निर्देशिका लगायतका शैक्षणिक सामग्रीहरू उपलब्ध गराउने,

(ञ) कार्यक्रम कार्यान्वयनको लागि समय समयमा आवश्यक निर्देशन तथा राय सुझाब दिने,

(ट) उद्देश्य अनुसार कार्यक्रम कार्यान्वयन नभएमा प्रथम पक्षले जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ,

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

(ठ) कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरू:-

(क) प्रथम पक्षले दिएको निर्देशन पालना गर्ने,

(ख) अनुसूची २ बमोजिमका कामहरू गर्ने।

<u>पहिलो पक्षको तर्फबाट</u>

नाम:-

पद:-

दस्तखत:-

मिति:-

कार्यालयको छाप:-

रोहवर

नाम:-

पद:-

दस्तखत:-

मिति:-

<u>दोस्रो पक्षको तर्फबाट</u>

नाम:-

ठेगाना:-

पद:-

दस्तखत:-

मिति:-

कार्यालयको छाप:-

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

अनुसूची-२

(दफा ५ को उपदफा (१) खण्ड (ख) (आ) सँग सम्बन्धित)

## शैक्षणिक स्रोत विज्ञको कार्य विवरण

१. आफ्नो मासिक र बार्षिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय तहको शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

२. विद्यालयको विद्यालय सुधार योजना, बार्षिक कार्ययोजना, शैक्षणिक योजना, दैनिक पाठयोजना निर्माणमा सहयोग गर्ने,

३. शिक्षक, अभिभावक, विद्यार्थीहरूको सहभागितामा शैक्षिक सामग्री निर्माण, प्रयोग र संरक्षण (विशेष गरी नेपाली, गणित, अंग्रेजी, विज्ञान र सामाजिक) मा सहजिकरण गर्ने,

४. कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण गर्ने र आवश्यकता अनुसार नमुना पाठ प्रदर्शन गर्ने,

५. बिषयगत शिक्षकहरूको समुह गठन गरी अनुभव आदानप्रदान गर्ने र आवश्यकतानुसार मोबाइल बैठक संचालन गर्ने,

६. विद्यार्थी मूल्याङ्कन (एकिकृत पाठ्यक्रमको आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र (CBEGRA) मा सहजिकरण गर्ने,

७. शैक्षिक उपलब्धि सम्बन्धमा कक्षागत रुपमा शिक्षक,विद्यार्थी,अभिभावक विच अन्तरक्रिया गर्ने गराउने,

८. शिक्षक तथा बालबालिकालाई उपचारात्मक सहयोग,

९. पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग,

१०. शिक्षण सिकाइमा नविनतम सूचना तथा सञ्चार प्रविधिको उपयोग,

११. अगुवा विद्यालय र त्यस अन्तर्गतका विद्यालयहरू विच शैक्षिक गुणस्तर सुधारका लागि शिक्षण सिकाइ क्रियाकलाप आदान प्रदान गर्न सहजिकरण गर्ने,

१२. तोकिएको ढाँचामा मासिक रुपमा सम्बन्धित निकायमा अनिवार्य रुपमा प्रतिवेदन पेश गर्ने।

१३. शिक्षकहरूको तालिम आवश्यकताको सर्वेक्षण गरी योजना तयार गरी र सो अनुसार शिक्षकलाई सहयोग गर्नुपर्ने ।

१४. विषद तथा महामारीमा बालबालिकाको सिकाइ निरन्तरताका लागि शिक्षक र अभिभावकलाई सहयोग र सहकार्य गर्ने ।

१५. शैक्षिक सुधारका लागि निभिन्न निकायसँग समन्वय र सहकार्य गर्नुपर्ने ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

१६. विभिन्न मूल्याङ्कनका विधिहरू विशेष गरी कक्षामा आधारित प्रारम्भिक कक्षा पढाइ , CBEGRA सर्वेक्षण र एकिकृत पाठ्यक्रममा आधारित मूल्याङ्कन विधिहरू कार्यान्वयन गर्न सहयोग गर्ने ।

१७. कार्यक्रमको उपलब्धि, समस्या आदिका आधारमा केश स्टोरीहरू, खबरहरूको लेखन र प्रकाशन गर्ने।

१८. क्षमता विकासका विभिन्न क्रियाकलापमा भाग लिने ।

१९. मासिक रुपमा कार्ययोजना र प्रगति विवरण तयार गरी सम्बन्धित स्थानीय तह, कार्यालय, निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२०. प्रत्येक महिनामा न्यूनतम बीस वटा विद्यालयको अनुगमन गर्ने र दुई वटा विद्यालयको सघन अनुगमन गर्नु पर्ने ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

## अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### कक्षाकोठा व्यवस्थापनका लागि पूरा गर्नुपर्ने गुणस्तरीय मानक

कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार

१. वातावरण सम्बन्धी

(क) सिकारुको व्यक्तिगत भिन्नतालाई प्राथमिकता

(ख) स्वच्छ शैक्षिक प्रतिष्पर्धा

(ग) शिक्षक विद्यार्थी सम्बन्ध

(घ) जिज्ञासालाई सम्मान

(ङ) सिकारुलाई प्रोत्साहन

(च) शिक्षक तयारीका साथ कक्षाकोठामा प्रवेश

२. भौतिक पक्षः

(क) उपयुक्त विद्यालय भवन

(ख) उपयुक्त कक्षा कोठाको आकार

(ग) प्रकाशको व्यवस्था

(घ) हावा आवत जावतको व्यवस्था

(ङ) तापक्रम

(च) कक्षाकोठाको सरसफाई

(छ) सजावट

(ज) सेतो पाटीको उपयुक्त व्यवस्थापन

(झ) बालबालिकाको बसाइ व्यवस्थापन

(ञ) सिकाइ क्रियाकलापमा संलग्न हुनको लागि व्यवस्थापन

(ट) शैक्षिक सामग्री व्यवस्थापन

(ठ) सहक्रियाकलाप सम्बन्धी

(ड) अतिरिक्त क्रियाकलाप सम्बन्धी

(ढ) सिकाइका छ बटा कुना

(ण) विद्यालयको स्वमूल्याङ्कन

प्रदेश सचिव

मा. खड्ग ... पोखरेल

## अनुसूची-४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### कक्षागत तथा विषयगत न्यूनतम आवश्यक सामग्रीहरूको सूची

१. कक्षागत पाठ्यपुस्तकहरू
२. शब्दकोष नेपाली अंग्रेजी लगायत
३. विश्वकोष
४. सहायक तथा सन्दर्भ सामग्रीहरू
५. विषयगत पाठ्यक्रम तथा शिक्षक निर्देशिका
६. कालोपाटी, सेतोपाटी, गोजी, तालिका, पिन, वोर्ड लगायतका सामग्रीहरू
७. डिस्प्ले वोर्ड
८. चित्र र फोटोहरू (आवश्यकतानुसार)
९. झाँकी र मोडेलहरू (आवश्यकतानुसार)
१०. विभिन्न देश महादेशका नक्सा
११. विभिन्न किसिमका ग्लोबहरू
१२. एटलस किताबहरू
१३. नमूना बस्तुहरू (आवश्यकतानुसार)
१४. फ्ल्यास कार्ड मेटाकार्ड (आवश्यकतानुसार)
१५. विभिन्न चार्टहरू (आवश्यकतानुसार)
१६. शैक्षिक सफ्टवेयर कार्यक्रमहरू
१७. विभिन्न आधुनिक इलेक्ट्रोनिक उपकरणहरू
    (क) रेडियो
    (ख) टेलिभिजन
    (ग) शैक्षिक भिडियो फिल्म डकुमेन्ट्रिहरू
    (घ) कम्प्युटर
    (ङ) मल्टिमिडिया प्रोजेक्टर
    (च) डिजिटल क्यामरा
    (छ) वारलेस डिभाइस

प्रदेश सचिव

मा. खड्ग ... पोखरेल

(ज) साउण्ड सिस्टम

(झ) वाद्यवादन

(ञ) मोबाइल लगायत अन्य इलेक्ट्रोनिक डिभाइसहरू

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

## अनुसूची-५

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

### अगुवा विद्यालयले सम्पादन गर्नका लागि लिखित प्रतिबद्धता जाहेर गर्नु-पर्ने शिक्षण सिकाइसँग सम्बन्धित क्रियाकलापहरू

१. शिक्षकले हरेक विद्यार्थीहरूलाई पहिलो नामबाटै सम्बोधन गरी भलाकुसारी र सम्बाद गर्नुपर्ने ।

२. शिक्षकले आफूले सहजीकरण गर्नुपर्ने हरेक विद्यार्थीहरूका सक्षमता र सम्भावनाहरूको पहिचान गरी उनीहरूलाई उक्त पक्षको प्रवर्धनका लागि सहयोग र परामर्श प्रदान गर्नुपर्ने ।

३. पाठ्यक्रमले अपेक्षा एवम् निर्धारण गरेका परियोजना कार्य र अन्य प्रयोगात्मक क्रियाकलापहरूलाई उपयुक्त किसिमले योजना बनाइ कार्यान्वयन गरेको हुनुपर्ने ।

४. कुनै पनि पाठको सहजीकरण गर्नुपूर्व उक्त पाठमा भएका कुरा सिकेपछि हुने फाइदालाई सङ्क्षेपमा उल्लेख गर्दै शिक्षण गर्नुपर्ने र मूल्याङ्कन गर्दा APPLE विधि अवलम्बन गर्नुपर्ने ।

५. कम्तिमा माध्यमिक तहमा कक्षा अर्थात ग्रेडका आधारमा नभइ विषयको आधारमा शिक्षण सिकाइ कक्षको व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्ने ।

६. विद्यालयमा अनुपस्थित हुने विद्यार्थीका अभिभावकलाई अनुपस्थित भएकै दिन अविलम्ब सम्पर्क गरी अनुपस्थितिको कारण र समाधानका उपायका सम्बन्धमा विद्यालयले अभिभावकसँग सहकार्य गर्नुपर्ने ।

७. विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको प्रवर्धनका लागि विद्यार्थीहरूकै नेतृत्वमा विद्यालयमा नियमित रुपमा भित्तेपत्रिका र स्मारिकाको प्रकाशनका साथै सह तथा अतिरिक्त क्रियाकलापहरूको सञ्चालनमा सहजीकरण गर्नुपर्ने ।

८. विद्यार्थीहरूप्रति खुसी,सकारात्मक र आशावादी भएर तदनुरुपका क्रियाकलाप र व्यवहारहरू प्रदर्शन गर्नुपर्ने ।

९. विद्यार्थीहरूसँग सकेसम्म कम बोल्ने,बिस्तारै बोल्ने,मीठो बोल्ने र उनीहरूका कुरा ध्यान दिएर सुन्ने गर्नुपर्ने ।

१०. विद्यार्थीहरूका जिज्ञाशाहरूलाई प्रोत्साहित गर्दै उनीहरूमा जिज्ञासु प्रवृत्तिको विकास गर्नुपर्ने ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

११. प्रसंशात्मक खोज विधिका माध्यमबाट विद्यार्थीहरूमा भएका सक्षमताहरूको खोजी गरी उक्त सक्षमताहरूको विकास र विस्तारका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्ने ।

१२. बालविकास केन्द्रलाई छापामय बनाउदै अनिवार्य रुपमा सिकाइ कुना र तदनुसारको शैक्षिक सामग्रीहरूको व्यवस्थापन गरी बालबालिकाहरूलाई उनीहरूको रुचि र प्रतिभा प्रस्फुटनका लागि अवसर प्रदान गर्नुपर्ने ।

१३. पाठयोजना या शिक्षण नोट र शैक्षिक सामग्री सहित कक्षामा प्रवेश गर्ने शिक्षकहरूका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

१४. समयको आवश्यकता र माग एवम् पाठ्यक्रमको मर्म अनुसार प्रविधिमैत्री शिक्षणसिकाइको वातावरणको सिर्जना गर्न भूमिका निर्वाह गर्नुपर्ने ।

१५. विद्यालयमा हरेक शैक्षिक सत्रमा हरेक शिक्षकले कम्तिमा विद्यार्थीका क्षमता र सम्भावनाहरूका विषयमा कार्यमूलक अनुसन्धान गरी सोको उपलब्धिसम्बन्धी अभिमुखीकरण र अभिलेखन गर्नुपर्ने ।

१६. विद्यालयका माथिल्ला कक्षाहरूमा विद्यार्थीहरूबाटै सिकाइसम्बन्धी योजना निर्माण गर्ने PLAS (Planning of Learning Achievement by Students) कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्ने ।

१७. विद्यार्थीहरुले गर्न सक्ने र त्यसबाट उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुग्ने क्रियाकलापको सम्पादन विद्यार्थीहरूकै नेतृत्वमा हुने गरी उपयुक्त वातावरणको निर्माण गर्नुपर्ने ।

१८. शिक्षकहरुले निश्चित सङ्ख्यामा विद्यार्थीहरूको जिम्मेवारी लिएर हरेक विद्यार्थीहरूसम्म मनोसामाजिक परामर्श सेवाको पहुँच विस्तार हुने गरी शिक्षक विद्यार्थी सम्बन्ध विस्तार कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

१९. बालबालिकाको खाजा, सरसफाइ र सिकाइ व्यवस्थापनमा उल्लेख्य योगदान गर्ने अभिभावकलाई वार्षिक एवम् अर्धबार्षिक रुपमा सम्मान गर्नुपर्ने ।

२०. विद्यालयले आयोजना गर्ने कुनै पनि कार्यक्रमहरूमा प्रयोग गर्ने गीत र सङ्गीतहरू छाडा र अश्लील नभइ देशभक्ति, राष्ट्रियता, राष्ट्रिय गौरव, वातावरण संरक्षण, बालमनोविज्ञान र शिक्षणसिकाइ आदिसँग अनुकूल हुनुपर्ने ।

२१. हरेक दिन विद्यार्थीभन्दा पहिले शिक्षक गेटभित्र प्रवेश गरेर विद्यार्थीहरूलाई गेटबाट स्वागत गर्दै विद्यालयमा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नुपर्ने ।

२२. विद्यालयले विहानीपख विद्यालय खुल्ने समयमा विद्यालय परिसरमा बालमनोविज्ञान एवम् देशभक्तिका भावनाले भरिएका गीतहरू बजाएर साँगीतिक वातावरण सिर्जना गर्नुपर्ने ।

२३. विद्यालयलाई बालबिवाह र लैङ्गिक हिंसालगायतका विविध हिंसा र विभेदबाट मुक्त गर्न भूमिका निर्वाह गर्नुपर्ने ।

२४. शिक्षक, अभिभावक र विद्यार्थीहरूको आचारसंहिता उनीहरूकै सक्रिय सहभागितामा निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

२५. विद्यार्थीको परिवारमा भएका १५ देखि ६० वर्ष उमेरका निरक्षर अभिभावक भएमा त्यस्ता निरक्षर अभिभावकलाई विद्यालय र सम्बन्धित विद्यार्थीको संयुक्त पहलमा चेतनामूलक कार्यक्रमसँगसँगै साक्षर बनाउन भूमिका निर्वाह गर्नुपर्ने ।

२६. अभिभावकहरूको सम्पर्क नम्बर अद्यावधिक गरी विद्यार्थीहरूको सिकाइ पक्षको सुधार एवम् घरमा सिकाइमैत्री वातावरणको निर्माणका लागि हप्तामा कम्तीमा एकपटक र विशेष अवस्थामा जतिसुकै बेला पनि अभिभावकसँग भलाकुसारी र भेटघाट गर्नुपर्ने ।

२७. अभिभावकको मन जितेर विद्यालय र बालबालिकाप्रति आकर्षित गर्नका लागि उनीहरूका सन्ततिको सिकाइमा स्पष्ट देखिने गरी सुधारको सुनिश्चितता गर्नुपर्ने ।

२८. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निर्धारण गरेको मापदण्ड अनुसार आफ्नो विद्यालयलाई उत्कृष्ट विद्यालयको रुपमा विकास गर्नका लागि भूमिका निर्वाह गर्नुपर्ने ।

२९. सरोकारवालाहरूको सहभागितामा विद्यालयको दूरदृष्टी अद्यावधिक गरी सबैले देख्ने गरी सार्वजनिक गर्नुपर्ने ।

३०. अभिभावक र सरोकारवालाहरूको व्यापक एवम् अर्थपूर्ण सहभागितामा विद्यालय सुधार योजनाको निर्माण र अद्यावधिक गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

प्रमुख सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

## अनुसूची-६

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**जोखिममा रहेका बालवालिकाको पहिचानका आधारहरू**

१. बुबा आमा दुवैको मृत्यु भई आफै घरमुली भएका बालबालिका

२. बाबु आमा दुवैको मृत्यु भई आफ्नोको रेखदेखमा रहेका बालबालिका

३. पितृत्व व मातृत्वको ठेगाना नभई अलपत्र अवस्थामा फेलापरेका बालबालिका

४. बुबा आमा दुवै पूर्ण अपाङ्ग मानसिक रोगी तथा वेपत्ता भई उनीहरूबाट सहयोग पाउन नसकेका बालबालिका

५. बुबा वा आमाले परित्याग गरी अलपत्र वेवारिस छाडिएका बालबालिका

६. बाबा वा आमा वा दुवैले अर्को विवाह गरी वेवास्ता गरीएका वा संरक्षणको आवश्यकता भएका बालबालिका

७. बालबालिका विरुद्धको अपराध यौन दुर्व्यवहार वा हिंसाको कारण मनोसामाजिक तथा कानूनी उपचार गर्नुपर्ने आर्थिक विपन्न परिवारका बालबालिका

८. बौद्धिक तथा इन्द्रीय सम्बन्धी दीर्घकालीन रुपमा अशक्त भएका वा विपन्नताको कारण संरक्षणको आवश्यकता भएका बालबालिका

९. अलपत्र वेवारिस फेला परेका बिरामी बालबालिका

१०. प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्वमा परेका बालबालिका

११. प्रकोप वा मानवजन्य विपत्ति वा द्वन्द्व वा अन्य कुनै कारण शारीरिक तथा मानसिक रुपमा अपाङ्ग भई संरक्षण र उपचारको आवश्यकता भएका बालबालिका

१२. प्रकोप वा मानवजन्य विपत्ति, द्वन्द्व वा अन्य कुनै कारण बाबु वा आमा मध्ये कुनै नभएको मृत्यु भएका आर्थिक रुपले विपन्न परिवारका बालबालिका

१३. प्रकोप वा मानवजन्य विवत्ति वा द्वन्द्व वा अन्य कुनै कारण शिक्षा स्वास्थ्य जस्ता आधारभुत सेवाबाट बञ्चित बालबालिका

१४. आर्थिक रुपमा विपन्न परिवारका एचआईभी सङ्क्रमित वा एड्स प्रभावित बालबालिका

१५. बुबा आमा वा दुवै कारागारमा रहेका वा कुनै कसूरसँग सम्बन्धित भई वेपत्ता भएका परिवारका वेवारिसे बालबालिका

१६. बुबा वेपत्ता भएको वा बुबाले छोडेको विपन्न परिवारको बालबालिका ।

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

अनुसूची-७

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा र विद्यालय छनोटको आधार

विद्यालयको नाम:

ठेगाना:

संचालित कक्षा:

विद्यालयको विद्यमान शैक्षिक अवस्था

(क) शिक्षकहरूको विवरण

| क्र. सं. | शिक्षकको नाम | तह | श्रेणी | शैक्षिक योग्यता | सेवा अवधि | तालिम | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ख) शैक्षिक योजनाहरू

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिवद्धता पछिको अवस्था |
|---|---|---|
| विद्यालय सुधार योजना | | |
| वार्षिक शैक्षणिक योजना | | |
| वार्षिक कार्यतालिका | | |
| विषयगत कार्ययोजना | | |
| एकाइ योजना | | |
| पाठयोजना | | |
| सहक्रियाकलाप सम्बन्धी योजना | | |

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

| | | |
|---|---|---|
| शिक्षक तालिम सम्बन्धी योजना | | |
| अतिरिक्त क्रियाकलाप सम्बन्धी योजना | | |
| अनुगमन सम्बन्धी योजना | | |
| शैक्षिक सामग्री सम्बन्धी योजना | | |
| विद्यार्थी विद्यालयमा टिक्ने दर | | |
| विद्यार्थी कक्षा कोठामा टिक्ने दर | | |
| शिक्षक विद्यालयमा टिक्ने दर | | |
| शिक्षक औषत उपस्थिति दर | | |
| अन्य केही भएमा उल्लेख गर्ने | | |

(ग) विद्यालयमा हालको औषत शैक्षिक उपलब्धी:

| विषय | कक्षा ३ | कक्षा ५ | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
|---|---|---|---|---|---|
| नेपाली | | | | | |
| अंग्रेजी | | | | | |
| गणित | | | | | |
| विज्ञान | | | | | |
| सामाजिक | | | | | |

(घ) कार्यक्रम संचालन पश्चात प्राप्त हुने शैक्षिक उपलब्धी:

| विषय | कक्षा ३ | कक्षा ५ | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
|---|---|---|---|---|---|
| नेपाली | | | | | |
| अंग्रेजी | | | | | |
| गणित | | | | | |
| विज्ञान | | | | | |
| सामाजिक | | | | | |

(ङ) भौतिक पूर्वाधार सम्बन्धी योजना:

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिवद्धता पछिको अवस्था |
|---|---|---|
| भवन संख्या | | |

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

| | | |
|---|---|---|
| कक्षाकोठा संख्या | | |
| फर्निचरको व्यवस्था | | |
| नयाँ निर्माण गर्नुपर्ने | | |
| मर्मत सुधार गर्नुपर्ने | | |
| बसाइ व्यवस्थापन | | |
| कक्षाकोठा व्यवस्थापन | | |
| डेक्सटप | | |
| ल्यापटप | | |
| प्रोजेक्टर | | |
| स्मार्ट बोर्ड | | |
| इन्टयाक्टिभ बोर्ड | | |
| प्रिन्टर | | |
| अन्य केही | | |

(च) व्यवस्थापकिय पक्ष:

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिवद्धता पछिको अवस्था |
|---|---|---|
| विद्यालय व्यवस्थापन समिति गठन भए/ नभएको | | |
| विद्यालय व्यवस्थापन समितिको बैठक संख्या र बैठकका निर्णयहरू कार्यान्वयनको अवस्था | | |
| विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तालिमको अवस्था | | |
| विद्यालय व्यवस्थापन समितिको कार्यकुशलताको अवस्था | | |
| विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारको जानकारी भए/नभएको अवस्था | | |
| विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी नियमितता | | |

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

| | | |
|---|---|---|
| विद्यालय व्यवस्थापन समितिद्वारा विद्यालयको अनुगमन योजना र अनुगमन | | |
| शिक्षक अभिभावक संघ गठन भए/ नभएको | | |
| शिक्षक अभिभावक संघ बैठक संख्या | | |
| अभिभावक भेला भए/नभएको | | |
| कक्षागत रुपमा अभिभावक, विद्यार्थी र शिक्षक बिच अन्तरक्रिया भए/नभएको संख्या | | |
| विद्यार्थी भर्ना अभियान सम्बन्धी योजना भए/नभएको | | |
| विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था/संख्या | | |
| विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकालाई विद्यालयमा भर्ना सम्बन्धि योजना | | |
| जोखिममा रहेका बालबालिकाको लागि विद्यालयको योजना भए/नभएको | | |
| शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता निर्माण र प्रयोगको अवस्था | | |
| दिवा खाजाको विद्यमान अवस्था | | |
| एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) प्रविष्ट सम्बन्धी सीप भए/ नभएको | | |
| एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (IEMIS) अध्यावधिक भए/नभएको अवस्था | | |
| अन्य केही भएमा उल्लेख गर्ने | | |
| | | |

(छ) प्रशासनिक पक्षः

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिबद्धता पछिको अवस्था |
|---|---|---|

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

| | | |
|---|---|---|
| शिक्षकहरूको नियमितता सम्बन्धी योजना | | |
| विद्यार्थीको नियमितता सम्बन्धी योजना | | |
| नियमित रुपमा स्टाफ बैठक भए/नभएको | | |
| विद्यार्थीको पोर्टफोलियो निर्माण र प्रयोगको अवस्था | | |
| शिक्षकको प्रोफाइल निर्माण र प्रयोगको अवस्था | | |
| बालमैत्री विद्यालय निर्माणको योजना | | |
| विद्यार्थीलाई शैक्षिक मनोसामाजिक परामर्श सम्बन्धि योजना | | |
| प्र. अ. नेतृत्व विकास र शिक्षकको पेशागत क्षमता विकास | | |
| कम्प्युटर सम्बन्धी ज्ञान,सिप र क्षमता भएको शिक्षक संख्या | | |
| शिक्षकका सक्षमता सम्बन्धी ज्ञान भएको र प्रयोग गर्न सक्ने क्षमता | | |
| अन्य केही पक्षहरू | | |

(ज) आर्थिक पक्ष:

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिवद्धता पछिको अवस्था |
|---|---|---|
| शिक्षकको तलब भत्ता | | |
| प्रशासनिक खर्च | | |
| रकम खर्च गर्दा वि.व्य.स.को निर्णय हुने गरे/नगरेको | | |
| प्रचलित खरिद ऐन नियमावली अनुसार सामाग्री खरिद दाखिलाको अभिलेखको अवस्था | | |
| तोकिएको शिर्षक अनुसार खर्च गरे/नगरेको | | |
| शैक्षिक सामग्री खर्च | | |
| छात्रवृत्ति | | |
| भवन निर्माण | | |
| शौचालय/घेराबार | | |
| ICT सहयोग | | |
| विद्यार्थी पोशाक | | |

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

| | | |
|---|---|---|
| विकास साझेदारको सहयोग | | |
| पालिकाको सहयोग | | |
| प्रदेशको सहयोग | | |
| सामाजिक परीक्षण गरे/ नगरेको | | |
| वित्तिय लेखा परीक्षण गरे/नगरेको | | |
| विद्यालयको आय व्ययको सार्वजनीकेकरण गरे/नगरेको | | |
| अभिभावकहरूको सहभागितामा नतिजा विश्लेषण | | |
| शिक्षक र विद्यार्थी बिच घुलमिल र भावना आदानप्रदान तथा व्यक्तिगत अवस्थाको बारेमा जानकारी भए/ नभएको | | |
| अन्य केही सहयोग | | |

(झ) अन्य योजनाः

| योजनाका शीर्षक | अहिलेको अवस्था | सुधार गर्ने प्रतिवद्धता पछिको अवस्था |
|---|---|---|
| बाल क्लब सम्बन्धी योजना | | |
| अतिरिक्त क्रियाकलाप सम्बन्धी योजना | | |
| सह क्रियाकलाप सम्बन्धी योजना | | |
| विद्यालयको स्वमूल्याङकन फारम अनुसारको अवस्था | | |
| खेलकुद सम्बन्धी योजना | | |
| अन्य केही भएमा उल्लेख गर्ने | | |
| गुनासो सुनाई पेटिका सम्बन्धि व्यवस्था भए/नभएको | | |
| अन्य केही पक्षहरू | | |
| | | |

(ञ) विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा उल्लेख्य रुपमा वृद्धि गर्न विद्यालयले गर्न सक्ने सहयोग तथा प्रतिवद्धता

.............................................

प्रदेश सचिव

मा. खड्गा बहादुर पोखरेल
मन्त्री

१. बैशाख ७ गते भित्र सेवा क्षेत्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई भर्ना गराउने

२. समयमा पाठ्यपुस्तक सबै बालबलिकालाई उपलब्ध गराउने

३.

४.

५.

६.

(ट) प्रधानाध्यापकले गर्ने सहयोग तथा प्रतिवद्धता

१. वार्षिक कार्यतालिका निर्माण

२. वार्षिक शैक्षणिक योजना निर्माण

३. नियमित अनुगमन

४. नियमित अन्तरक्रिया

५.

६.

(ठ) शिक्षकले गर्ने सहयोग तथा प्रतिवद्धता

- नियमित विद्यालय र कक्षा कोठामा समय परिपालना
- वार्षिक कार्ययोजना इकाइ योजना लगायका योजना निर्माण
- नियमित विद्यार्थी मूल्याङ्कन
-
-

(ड) विद्यालय व्यवस्थापन समितिले गर्ने सहयोग तथा प्रतिवद्धता

- नियमित अनुगमन
- विद्यालयको भौतिक पूर्वाधार सम्बन्धी
- कक्षा कोठा व्यवस्थापन सम्बन्धी
- शिक्षक व्यवस्थापन
    - भर्ना अभियान
    - शैक्षिक सामग्री व्यवस्थापन

(ढ) शिक्षक अभिभावक संघको सहयोग तथा प्रतिवद्धता

- नियमित अनुगमन
- बालबालिकालाई नियमित विद्यालयमा पठाउने
- 
- 
- 

(ण) अभिभावक तथा समुदायको सहयोग तथा प्रतिवद्धता

- आफ्ना बालबालिकालाई नियमित विद्यालयमा पठाउने
- समय समयमा विद्यालयमा उपस्थित भई बालबालिकाको शैक्षिक तथा अन्य गतिविधिको जानकारी लिने
- बालबालिकालाई विद्यालयमा पठाउँदा शैक्षिक सामग्री खाजा पोशाक लगायतको व्यवस्थापन गर्ने
- बालबालिकालाई घरमा तथा विद्यालय आउँदा जाँदा उनीहरूको गतिविधि रेखदेश गर्ने

(त) विद्यार्थीको सहयोग तथा प्रतिवद्धता

- नियमित विद्यालयमा उपस्थित हुने
- शिक्षकहरूले गृहकार्य नियमित रुपमा गर्ने
- विद्यार्थी आचर संहिताको पालना गर्ने
- उत्साहित भई सिर्जनात्मक कार्यमा लाग्ने

(थ) पालिकाको सहयोग तथा प्रतिवद्धता

- विद्यालयको नियमित अनुगमन
- विद्यालयलाई आवश्यक पर्ने भौतिक आर्थिक शैक्षिक प्राज्ञिक जनशक्ति लगायतका स्रोत साधन उपलब्ध गराउने
- पालिकाको आवश्यकता र विद्यालय संख्याको आधारमा शैक्षणिक स्रोत व्यक्तिको व्यवस्थापन गर्ने
- शिक्षकहरूलाई आवश्यकता अनुसारको तालिमको व्यवस्था गर्ने

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

(द) शिक्षा विकास तथा समन्वय इकाइले गर्ने सहयोग

- आवश्यक समन्वय सहयोग तथा तालिमको व्यवस्थपन
- 
- 
- 

(ध) प्रदेश सरकारले गर्ने सहयोग

- छनोट भएका विद्यालयहरूलाई शिक्षण सुधारका लागि आर्थिक सहयोग गर्ने,
- अनुगमन सुपरिवेक्षण तालिम लागायतको सहयोग

(न) विद्यालयको प्रस्ताव स्वीकृत भए पछिको सुधार गर्ने प्रतिवद्धताको शैक्षिक अवस्था

लिडर विद्यालयले आफ्नो वरपर रहेका फिडर विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रतिवद्धता जनाइएका विद्यालयहरूको विवरण:

| क सं | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल

## अनुसूची-८

(दफा ११ सँग सम्बन्धित)

### प्रतिवेदनको ढाँचा

(क) आधारभूत विवरण

विद्यालयको नाम:-

ठेगाना:-

सञ्चालिक कक्षा:-

अनुगमन गरेको मिति:-

सम्पादन गरेको कामहरू:-

कक्षाकोठामा गरेका कार्यहरू:-

- 
- 
- 
- 
- 

(ख) शैक्षणिक कार्य:-

- 
- 
- 
- 
- 

(ग) शैक्षिक सामग्री सम्बन्धी कार्य:-

- 
- 
- 
- 
- 

(घ) प्रशासनिक कार्य:

- 
- 
- 
- 

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल
मन्त्री

(ङ) वि.व्य.स. शि.अ.सं.अभिभावक तथा समुदायसँग सम्बन्धित कार्यः-

- 
- 
- 
- 
- 

(च) अन्य कार्यः-

- 
- 
- 
- 

(छ) शैक्षणिक स्रोतविज्ञले विद्यालयको अनुगमन गरी पेश गर्ने मासिक प्रतिवेदन

| मिति | अनुगमन गरेको विद्यालयको नाम | सम्पादन गरेका प्रमुख कार्य | कार्यसम्पादनमा भएका समस्या | समाधानका उपाय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रदेश सचिव
मा. खड्ग बहादुर पोखरेल
मन्त्री

## अनुसूची-९

(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

### अनुगमनको ढाँचा

शैक्षणिक स्रोतविज्ञले प्रत्येक विद्यालयको अनुगमन गरी पेश गर्ने प्रतिवेदन

विद्यालयको नामः

ठेगानाः

मितिः-

विद्यार्थीको विवरण

| कक्षा | बाल विकास | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | | | | | | | |

शिक्षक विवरणः

प्राथमिकः

नि.मा.वि.

माध्यमिक

उ.मा.वि.

विद्यार्थीको नियमितताः

शिक्षकको नियमितताः

पाठ्यपुस्तरको प्रयाप्तताः

शिक्षक निर्देशिकाको उपलव्धताः

विव्यसको सक्रियताः

शिक्षक अभिभावक संघको भूमिकाः

अभिभावकको सक्रियताः

प्रधानाध्यापकको सक्रियताः

विद्यालयको सेवा क्षेत्रका विद्यालय बाहिर रहेका बालबालिकाको अवस्थाः

नियमित पठनपाठनको अवस्थाः

शैक्षिक सामग्रीको अवस्थाः

विषयगत शिक्षकको अवस्थाः

प्रदेश सचिव

मा. खड्ग बहादुर पोखरेल

शैक्षक उपलब्धिको स्थिति:

जोखिम युक्त बालबालिकाको पहिचान र सहयोग:

अपाङ्ग बालबालिकाको अवस्था:

शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनको लागि उपकरणको अवस्था:

विद्यालयको अनुगमन तथा सुपरिवेक्षणको अवस्था: